# छथर गाउँपालिका द्वारा प्रकाशित

# ब्याक हो लोडर सञ्चालन कार्यविधि-२०७९

# छथर गाउँपालिकाको व्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/१०/२९ गते

**प्रस्तावना** : छथर गाउँपालिका क्षेत्रको समग्र सडकहरु तथा भौतिक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार, विपद् व्यवस्थापनका कार्यहरुमा मापदण्ड बमोजिम प्रयोग गर्नका लागि गाउँपालिकाको स्वामित्वमा रहेको व्याक हो लोडर सञ्चालन तथा व्यवस्थापनका लागि देहायका शर्त, बन्देजमा रही सञ्चालन गर्ने गराउने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले दिएको अधिकार प्रयोग गरी छथर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलयले व्याक हो लोडर सञ्चालन कार्यविधि, २०७९ बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. ***संक्षिप्त नाम र प्रारम्भ*** :

(१) यो कार्यविधिको नाम "छथर गाउँपालिकाको व्याक हो लोडर सञ्चालन सिम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको बैठकबाट निर्णय गरी लागु हुनेछ र राजपत्रमा समेत प्रकाशन हुनेछ ।

२. ***परिभाषा*** : विषय वा प्रसङ्गले अर्के अर्थ नलागेमा यस कार्यविधिमा :

(१) **ऐन** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४लाई सम्भनु पर्दछ ।

(२) **गाउँपालिका** भन्नाले छथर गाउँपालिकालाई सम्भनु पर्दछ ।

(३) **गाउँसभा** भन्नाले छथर गाउँपालिकाको गाउँसभालाई सम्भनु पर्दछ ।

(४) **अध्यक्ष** भन्नाले छथर गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्भनु पर्दछ ।

(५) **उपाध्यक्ष** भन्नाले छथर गाउँपालिकाको गाउँपालिका उपाध्यक्षलाई सम्भनु पर्दछ ।

(६) **गाउँ कार्यपालिका** भन्नाले छथर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्भनु पर्दछ ।

(७) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले छथर गाउँपालिकाका, गाउँ कार्यपालिकाको कार्यलयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्भनु पर्दछ ।

(८) **ईञ्जिनियर** भन्नाले छथर गाउँपालिकाका, गाउँ कार्यपालिकाको कार्यलयमा कार्यरत ईञ्जिनियरलाई सम्भनु पर्दछ ।

(९) **कार्यालय** भन्नाले छथर गाउँपालिकाका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्भनु पर्दछ ।

(१०) **व्याक हो लोडर** भन्नाले छथर गाउँपालिकाले सञ्चालनमा ल्याएको व्याक हो लोडरलाई सम्भनु पर्दछ ।

(११) **मेसिन** भन्नाले व्याक हो लोडरलाई सम्भनु पर्दछ ।

३. ***उद्देश्य*** : कार्यलयबाट सञ्चालन गरिने सडक निर्माण तथा मर्मत सम्भार लगायत भौतिक पूर्वाधारका आयोजनाहरु, उपभोक्ता समितिद्वारा सञ्चालित आयोजनाहरु, स्थानीय सरकार/गैर सरकारी संघ संस्था लगायत निर्माण व्यवसायीद्वारा सञ्चालित विकास आयोजनाहरु तथा छिमेकी पालिकाहरुको विकास कार्यक्रमहरुमा माग भएअनुसार प्राथमिताका आधारमा प्रयोगमा पठाउनका लागि आवश्यक भूमिका निर्वाह गर्नुनै कार्यविधिको प्रमुख उद्देश्य रहेको छ ।

## परिच्छेद २
## व्याक हो लोडर सञ्चालन प्रकिया

**४. गाउँपालिकाको आवश्यकता बमोजिम व्याक हो लोडर सञ्चालन विधि :**

छथर गाउँपालिकामा रहेको व्याक हो लोडर सञ्चालनका लागि देहायको प्रकृया पुरा भएपश्चात मात्र फिल्डमा खटाइनेछ :

(१) **व्याक हो लोडर**माग गर्ने व्यक्ति वा संस्थाबाट तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्ने छ।

(२) **व्याक हो लोडर**माग गर्ने व्यक्ति वा संस्थाको माग निवेदन उपर गाउँपालिका अध्यक्ष/कार्यालय प्रमुखबाट आदेश भएपश्चात् के-कति समयका लागि माग गरिएको हो, माग गरिएको समय बराबरको गाउँ कार्यपालिकाको कार्यालयले तोके अनुसारको शुल्क अग्रिम गाउँ कार्यपालिकाको कार्यालयमा नगदै वा तोकिएको बैंकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

(३) **व्याक हो लोडर**माग गर्ने व्यक्ति वा संस्थाले गाउँ कार्यपालिकाको कार्यालयले तोकेको शुल्क बुझाएपश्चात् गाउँ पालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिता दिई खटाईने छ। यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिताका साथ खटाउने व्यवस्था मिलाईने छ।

(४) **व्याक हो लोडर** अपरेटरलाई गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृत लिखित आदेशबिना कुनै स्थान विशेषमा मेशिन लगि काम गर्ने गराउने अधिकार रहने छैन।

(५) निवेदकले माग गरिएको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल गाउँपालिका अध्यक्ष/कार्यालय प्रमुखलाई खबर गरि थप कार्यआदेश लिएर मात्र थप समयको रकम अग्रिम गाउँपालिकामा जम्मा गर्न लगाएरमात्र मेशिन सञ्चालन गर्नु पर्नेछ।

(६) मेशिन प्रयोग गरे बापत प्रतिघण्टा वा दिनको शुल्क निर्धारण गरि तोकिए वमोजिम हुनेछ।

(७) मेशिन फिल्डमा खटाउदा कार्यालय कम्पाउण्डदेखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भएसम्मको मिटरको हिसाव गणना गरी लाग्ने शुल्क मेशिन प्रयोगकर्तालेबुझाउनु पर्नेछ।

(८) मेशिन खटी गएको स्थानमा काम सम्पन्न गरि कार्यालय फिर्ता भएपश्चात् मेशिन अपरेटरले कामको विवरणसहित मिटरको तोकिए बमोजिमको अद्यावधिक अभिलेख भरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(९)अभिलेख अद्यावधिकका लागि कार्यालयबाट आवश्यक फारामहरू तथा सवारी लक बुकको व्यवस्था गरिने छ।

(१०)गाउँ कार्यपालिकाको कार्यालयबाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लगत खडा गरिनेछ।

(११)**व्याक-हो लोडर**माग गर्ने समूह वा सङ्घसंस्थाले काम गर्न आवश्यक माग भई आएमा लागत साझेदारीमा या संस्थाले आफैं व्यहोने गरी गाउँपालिकाको निर्णय बमोजिम कार्य गराउन सकिने छ।

(१२)**व्याक-हो लोडर**माग गर्ने व्यक्ति वा सङ्घसंस्थाले व्याक-हो लोडर शुल्क बुझाउदा छथर गाउँपालिका कार्यालयको राजस्व काउण्टरमा नगदै जम्मा गर्नु वा यस कार्यालयको नाममा नविल बैंक लिमिटेड, शुक्रबारेमा रहेको धरौटी खातामा रकम जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ।

(१३)**व्याक-हो लोडर**काममा खटीई तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा अपरेटरको तथा योजना शाखा वा प्राविधिक शाखाको सिफारिसका आधारमामात्र गाउँपालिका अध्यक्ष/कार्यालय प्रमुखको आदेशको आधारमा सञ्चित समय वापत हुन आउने रकम माग गरेको एक हप्ताभित्र चेकद्वारा फिर्ता गरिनेछ।

सन्तबिर लिम्बू
अध्यक्ष

(१४)गाउँपालिका भित्र आकस्मिक प्रकोप, दुर्घटना, सडक अवरोध हटाउन साथै गाउँपालिकाले आफ्नो कार्यको लागि ब्याक हो लोडर प्रयोग गर्दा यो ब्यबस्था लागु हुने छैन । यस्तो कार्यको लागि गाउँपालिका अध्यक्षको आदेश अनुसार तत्काल सञ्चालन गर्न सकिने छ ।

(१५)गाउँपालिका भित्र बिकास आयोजना वा निर्माण कार्य सञ्चालन गर्दा सम्वन्धित उपभोता समिति वा कम्पनीले नियमअनुसार रित पुरा गरी माग गरी सञ्चालन गर्न सकिने छ ।

(१६)यस गाउँपालिका भित्र विविध मेला, पर्व, सभा, समारोहमा काम गर्नु परेमा वा चार्ड पर्वमा सडक सरसफाई गर्नु परेमा सम्वन्धित वडा समिती/समूह/संस्थाको निवेदनको माग अनुसार गाउँ कार्यपालिकाको अध्यक्षको स्वीकृत आदेश अनुसार सञ्चालन गर्न सकिने छ ।

## ५. इन्धन तथा मर्मत सम्वन्धी व्यवस्था :

(१)मेशिन अपरेटरले इन्धन तथा लुब्रिकेन्टस माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ । इन्धन तथा लुब्रिकेन्टस खपतको अद्यावधिक लगत मेशिन अपरेटरले तयार गरि इन्जिनियरको सिफारिससहित कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(२)इन्धन तथा लुब्रिकेन्टस र मर्मतसम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक राखिनेछ ।

(३) मेशिन बिग्रिएमा बिग्रिएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ । कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत सम्भारको कार्य गरिनेछ ।

(४) मर्मत सम्भारको कार्य गर्दा गराउदा मेशिन अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ ।

(५)ब्याक हो लोडरबाट प्राप्त भएको आम्दानीलाई छुट्टै अभिलेख राखिनेछ । उक्त रकमबाट आवस्यक पर्ने इन्धन, कर्मचारी खर्च र मर्मतको लागि खर्च गर्न सकिनेछ ।

## ६.ब्याक-हो लोडरसञ्चालन शुल्क :

कुनै व्यक्ति वा सङ्घसंस्था बाट ब्याक-हो लोडरमाग भै आएमा देहाय बमोजिमको शुल्क नगदै वा तोकिएको बैंक खातामा अग्रिम बुझाउनु पर्नेछ ।

| सि.नं. | कामको प्रकार | इन्धन लगायत अन्य खर्च सहित (प्रतिघण्टा) |
|---|---|---|
| १ | छथर गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत् सञ्चालित योजनाहरू | तोकिए बमोजिम हुनेछ । |
| २ | छथर गाउँपालिका क्षेत्र भित्र अन्य निकाय तथा ठेक्कापट्टामार्फत् सञ्चालित योजनाहरु | |

सन्तबिर लिम्बू
अध्यक्ष

सतीविर लिम्बू
अध्यक्ष

| | | |
|---|---|---|
| ३. | छथर गाउँपालिका क्षेत्र भन्दा वाहिर अन्य छिमेकी नगरपालिका वा गाँउपालिका क्षेत्र भित्र भएका योजनाहरु | |

**अपरेटर र सहयोगी कर्मचारीलाई खाजा खाना तथा वास बस्नु परेमा बसोवासको व्यवस्था सम्वन्धित प्रयोगकर्ताको दायित्व रहने छ।**

**७. कर्मचारी व्यवस्था**

(१) **ब्याक-हो लोडर**सञ्चालनका लागि आवश्यक पर्ने अपरेटर १ जना सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावाली, २०६४ बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम सेवा करार गरिनेछ। करार सेवाको लागि छनौट गर्दा करार सम्झौतामा घटाघटमा कममा काम गर्न ईच्छुकलाई प्राथमिकता दिईने छ।

(२) अपरेटरले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरीत काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फि करार भङ्ग गरी क्षतिपूर्ति असुल उपर गरिने छ।

**८. ब्याक-हो लोडरव्यवस्थापन तथा सञ्चालन समिती**

(१) **ब्याक-हो लोडर** मेसिनलाई सञ्चालन तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको गाउँपालिका अध्यक्षको संयोजकत्वमा एक समिति रहने छ :

- गाउँपालिका अध्यक्ष - संयोजक
- प्रमुख प्रशासकीय अधिकृत -सदस्य
- भौतिक पूर्वधार विभाग प्रमुख -सदस्य
- ईन्जिनीयर –सदस्य
- जिन्सी शाखा प्रमुख -सदस्य सचिव

(२) समितिले ब्याक–हो लोडर सञ्चालन शुल्कको पुनरावलोकन, मेसिन सञ्चालन तथा ब्यवस्थापनको लागि थप निर्देशन लगायतका कार्यहरु गर्ने छ।

**९.यस गाउँपालिकामा तत्काल ब्याक-हो लोडर सञ्चालन समितीको निर्णय वा दररेट तयार नभएका अवस्थामा कार्यपालिका अध्यक्षको स्वीकृत आदेशअनुसार सञ्चालन गरिने छ।**

सतीविर लिम्बू
अध्यक्ष

**१०. विविध**

(१) मेशिनको माईलमिटर, घण्टा, मिनेट लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ ।

(२) मेशिन अपरेटरलाई आवश्यक सहयोग पुर्‍याउनका लागि आवश्यक परेको खण्डमा १ जना सहयोगी समेतको व्यवस्था गर्न सकिने छ । यसरी खटिने सहयोगीले जिल्ला दररेट अनुसार दैनिक ज्यालादारीमा ज्याला पाउने ब्यवस्था मिलाईनेछ ।

(३) मेशिन कार्यालयको पूर्ण नियन्त्रणमा रहनेछ । गाउँपालिकाका इन्जिनियर वा प्रमुखले समेत मेसिन चुस्त दुरुस्त राख्न ध्यान दिनु पर्ने छ ।

(४) मेशिन फिल्डमा खटाउने नखटाउने सिफारिस योजना शाखा तथा ईन्जिनीयरको हुनेछ ।

(५) यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा कार्यालयले थपघट वा संशोधन गर्न सक्नेछ ।

(६) मेशिनलाई क्षति नहुने गरी तोकिएको कार्य गर्नु पर्ने दायित्व चालकको हुने छ । ठूला ठूला रुख, ढलान आदी भत्काउने कार्य चालकले गाउँपालिकामा जानकारी गराएर प्राप्त निर्देशन बमोजिम मात्र गर्नु पर्ने छ ।

# अनुसूची १

मिति :......./...../....

श्रीमान गाउँपालिका अध्यक्षज्यू,
छथर गाउँपालिका कार्यपालिकाको कार्यालय
शुक्रबारे, तेह्रथुम ।

विषय : व्याक हो लोडर उपलब्ध गरीपाँउ ।

यस छथर गाउँपालिका कार्यपालिकाको कार्यालयको ब्याक-हो लोडर आवश्यक परेकोले देहायको विवरण भरी माग गरेको छु/छौं । नियमानुसार लाग्ने शुल्क लिई ब्याक-हो लोडरउपलब्ध गराई पाँउ ।

**ब्याक-हो लोडरमाग गर्नेले भर्ने :**

| ब्याक-हो लोडरमाग गर्ने व्यक्ति/संस्था/उपभोक्ता समितिको नाम, ठेगाना | कामको विवरण | ब्याक-हो लोडरप्रयोग हुने स्थान | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

............................
माग गर्नेको दस्तखत

**गाउँ कार्यपालिकाको कार्यालयको तर्फबाट भर्ने :**

| गा.पा. बाट खटिने स्थानसम्म लाग्ने अनुमानित समय | माग गरिएको समय र दिन | अनुमानित लाग्ने समय | अनुमानित समयको शुल्क | जम्मा गर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |

........................ ........................
इन्जिनियर प्रमुख प्रशासकीय अधिकृत
पेश गर्ने सिफरिस गर्ने

**राजस्व शाखाले भर्ने :**

| रसिद नं. र मिति | जम्मा गरिएको रकम | रकम वुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

# अनुसूची २

## (ब्याक-हो लोडरमर्मत सम्बन्धी निवेदनको ढाँचा)

मिति :......../...../....

श्रीमान गाउँपालिका अध्यक्षज्यू,
छथर गाउँपालिका कार्यपालिकाको कार्यालय
शुक्रबारे, तेह्रथुम ।

विषय : ब्याक-हो लोडर मर्मत सम्बन्धमा ।

महोदय,

यस छथर गाउँपालिकाको कार्यपालिकाको ब्याक-हो लोडरको तपशिलको पार्टस्मा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु । श्रीमान्को जो आदेश ।

**तपशिल**

| क्र.सं. | समस्या आएको सामान वा पार्टसको विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

मेशिन अपरेटरको दस्तखत :

नाम :

**इन्जिनियरले भर्ने**

उल्लेखित सामान फेर्नुपर्ने र मर्मत गर्नुपर्ने देखिएकाले सिफारिस गर्दछु ।

..........................

दस्तखत

अनुसूची ३

ब्याकहो लोडर सञ्चालन लकवुक

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शुक्रबारे, तेह्रथुम

## सवारी लगबुक

छथर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शुक्रबारे, तेह्रथुम कोशी प्रदेश, नेपाल

आ.ब. २०७९/०८०

साधनको नाम /नम्वर :

ड्राइभर/अपरेटरको नाम:

हेल्परको नाम:

| मिति | कार्य विवरण | गाडी/मेशीनको दैनिक कार्य | | | दैनिक कार्य | | | | अवस्था | ड्राइभर/ अपरेटरको सही | साइट ईन्चार्जको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शुरु | बन्द | जम्मा घण्टा | डिजल पेट्रोल (लि.) | मोवील (लि.) | ग्रीज (कें.जी.) | हाइड्रोलिक (लि.) | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

सन्तविर लिम्बू अध्यक्ष

सन्तविर लिम्बू अध्यक्ष

...गर्ने:
...अधिकृत

जाँच गर्ने:
लेखा अधिकृत

स्वीकृत गर्ने:
प्रमुख प्रशासकीय अधिकृत